NIC ASIA CAPITAL

idea to IPO
Connecting the dots...

**प्रेस विज्ञप्ति**
**पौष २८, २०८२**

**मेन्छियाम हाइड्रोपावर लिमिटेडको हकप्रद शेयर निष्काशन सम्बन्धी कार्य गर्नको लागि एन आई सी एशिया क्यापिटल निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त ।**

मेन्छियाम हाइड्रोपावर लिमिटेडले रु.१००/- अंकित दरका ५४,२५,८३३ कित्ता शेयरले हुन आउने रकम रु.५४,२५,८३,३००/- को १:१ बराबर अर्थात रु.१००/- दरका ५४,२५,८३३ कित्ता हकप्रद शेयर निष्काशन गर्नको लागि एन आई सी एशिया क्यापिटल लिमिटेड र मेन्छियाम हाइड्रोपावर लिमिटेड बीच निष्काशन तथा बिक्री प्रबन्धक नियुक्ति सम्बन्धी दुई पक्षिय सम्झौता सम्पन्न भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ । उक्त सम्झौता पत्रमा मेन्छियाम हाइड्रोपावर लिमिटेडको तर्फबाट अख्तियार प्राप्त कम्पनी सचिव श्री धन राज सुवेदीज्यू र निष्काशन तथा बिक्री प्रबन्धकको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री रामेन्द्र रायमाझीज्यूले हस्ताक्षर गर्नु भएको छ ।

एन आई सी एशिया क्यापिटलले निष्काशन तथा बिक्री प्रबन्ध सेवा अन्तर्गत हालसम्म सामूहिक लगानी कोष तथा डिबेन्चर सहित १९ वटा कम्पनीको प्राथमिक शेयर निष्काशन र ४ वटा कम्पनीको हकप्रद शेयर निष्काशन कार्य सम्पन्न गरेको छ । उक्त निष्काशन तथा बिक्री प्रवन्ध सेवा मार्फत हाल सम्म रु.१८ अर्ब ९४ करोड भन्दा बढी शेयर पूँजी रकम संकलन गर्न सफल भएको छ । विभिन्न व्यक्ति तथा संस्थाहरुको नाममा रहेको २९ वटा भन्दा बढी कम्पनीको संस्थापक समूहको शेयरको निष्काशन तथा बिक्री प्रवन्ध गरी करिव रु.२ अर्ब रकम संकलन गर्न सफल भएका छौं । साथै हाल क्यापिटलले २ वटा कम्पनीको प्राथमिक शेयर तथा ४ वटा कम्पनीको हकप्रद शेयर निष्काशन गर्न स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा शेयर निष्काशनको लागि तयार गरेको विवरण पत्र पेश गरेको छ ।

Ramendra

रामेन्द्र रायमाझी
प्रमुख कार्यकारी अधिकृत

NIC ASIA CAPITAL

१ नेपाली एक DEMAT खाता

मेरो लगानी, मेरो भविष्य